
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३३५ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०७९ पुस १९ गते मंगलबार ❑ 3 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै लेखनाथवासी खुसी

पोखरापत्र संवाददाता
पोखरा, १८ पुस

पोखराको क्षेत्रीय अन्तर ष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै लेखनाथवासीमा पनि खुसियाली छाएको छ।

लेखनाथका खरानेफाँट निवासी कृष्ण तिमिल्सेनाले विमानस्थलको आइतबार उद्घाटनसँगै अब पोखराको मात्र हैन, लेखनाथको पर्यटनमा समेत सहयोग पुग्ने बताउनुभएको छ । विमानस्थल कास्कीको मात्र नभई गण्डकी प्रदेशकै गहना भएको उहाँको भनाइ छ । पूर्वमन्त्री यज्ञबहादुर थापाले यस क्षेत्रको विकासमा अन्तर्राष्ट्रिय विमानस्थको भूमिका महत्वपूर्ण रहने बताउनुभयो । पोखरा मात्र हैन विमानस्थलबाट समदूरीमा पोखराको फेवा र लेखनाथको बेगनास ताल पनि पर्ने भएकाले लेखनाथको क्षेत्रको पर्यटन विकासले अब द्रुतगति लिनेमा विश्वास व्यक्त गर्नुभयो ।

“अब यहाँ आउने पर्यटक पोखराको लेकसाइडले मात्र थेग्न सक्दैन ती पर्यटक बेगनास र रुपा तालतर्फ पनि आउने छन्”, उहाँले भन्नुभयो, “कस्केलीको चार दशक लामो प्रतीक्षाबाट निर्माण सम्पन्न भएको छ यो विमानस्थल सफल बनाउन कस्केली मात्र नभएर सिङ्गो गण्डकीवासी नै जुट्नुपर्छ”, “अब विदेशी पर्यटक सीधै पोखरा आउनसक्ने भए”, उहाँले भन्नुभयो, “पोखरा र लेखनाथको मात्र हैन अब समग्र गण्डकी प्रदेशको विकास भएको छ, अब यहाँबाट पर्यटक चितवन, लुम्बिनीमा जानसमेत सक्ने भए”, स्थानीयवासी थापाले भन्नुभयो । उहाँले लेखनाथ र पोखरा अब एउटै उपत्यका भएको छ, विमानस्थल सञ्चालनमा आएपछि झनै नजिक बनाइदिएको छ, अब यहाँका जनप्रतिनिधिले समृद्धि र यहाँका प्रकृतिक संरचनालाई संरक्षण गर्दै गुफा र तालको धनी सहर पोखराको पर्यटक विकासमा जुट्नुपर्ने बताउनुभयो।

पोखरा-२६ लेखनाथका गणेश अधिकारीले क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलले समग्र कास्की र वरपरका जिल्लाको पर्यटन विकासमा सहयोग पुऱ्याउने र यस क्षेत्रका मानिसको जीवनस्तरसमेत माथि उठ्ने विश्वास व्यक्त गर्नुभयो ।

समग्र पोखराको पर्यटन विकासमा यहाँका स्थानीय, प्रदेश र सङ्घका प्रतिनिधि जुट्नुपर्छ उहाँले भन्नुभयो, “विदेशी पर्यटक अब सीधै पोखरा आउने भएपछि पोखरालाई थप सुन्दर बनाउन विकासका योजना पर्याप्त मात्रामा ल्याउनुपर्छ ।” लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष एवं लेखनाथवासी छत्रधर आत्रेयले विमानस्थल सञ्चालन आएसँगै लेखनाथका सडक विस्तार गर्न आवश्यक भएको बताउनुभयो । यहाँका साँघुरा सडक र कच्ची सडकले पर्यटक थेक्न सक्दैन, ट्राफिक जाम नहुने किसिमबाट सडकको विस्तार हुन जरुरी भएको बताउनुभयो ।

यस क्षेत्रको पर्यटकीय बेगनास, रुपालगायत अन्य पाँच तालको पनि विकास गर्न जरुरी रहेको जनाउँदै उहाँले लेखनाथका सातै ताललाई जोड्ने सडक निर्माण गर्न जरुरी भएको बताउनुभयो । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आइतबार पोखरा क्षेत्रीय अन्तर ष्ट्रिय विमानस्थलको उद्घाटन गर्नुभएको थियो । राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको पोखरा विमानस्थलको भौतिक पूर्वाधार तथा प्राविधिक काम सम्पन्न भएको छ । करिब तीन हजार नौ सय रोपनी क्षेत्रफलमा फैलिएको यो विमानस्थलको लगानी रु २२ अर्ब रहेको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ।

विमानस्थलको हाल दुई हजार पाँच सय मिटरको धावनमार्ग र ४५ मिटर चौडाइ तथा धावनमार्गको मोटाइ ३४ सेन्टिमिटर रहेको छ । विमानस्थलको क्षमता वार्षिक दश लाख यात्रुको रहेको छ। २४ सैं घण्टा जहाज सञ्चालन गर्न सकिने सो अवसरमा जानकारी दिइएको छ।

## कफीको व्यापारबारे क्षमता अभिवृद्धि तालिम

पोखरापत्र संवाददाता
पोखरा, १८ पुस

अन्तर्राष्ट्रिय बजारका लागि नेपाली कफी उत्पादक तथा निर्यातकर्ताको आपूर्ति क्षमता बढाउने उद्देश्यका साथ आजदेखि पोखरामा तीनदिने तालिम सुरु भएको छ।

युरोपियन युनियनको आर्थिक सहयोगमा अन्तर्राष्ट्रिय व्यापार केन्द्र (आइटिसी)द्वारा कार्यान्वयन भइरहेको इयु नेपाल व्यापार तथा लगानी कार्यक्रम (टिआइपी), उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रद्वारा संयुक्तरूपमा आयोजित तालिममा व्यवसायीले निर्यात प्रक्रिया तथा पालना गर्नुपर्ने विषयबारे क्षमता अभिवृद्धि गर्नेछन् । तालिमको उद्घाटन कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव तोयम रायले व्यवसायीले कफी निर्यातका लागि चाहिने नीतिगत सुधारबारे सरकारलाई लिखितरूपमा जानकारी दिन आग्रह गर्दै आगामी बजेटमा त्यसको उचित सम्बोधनका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । अन्तर्राष्ट्रिय बजारको मागरगुणस्तरअनुसारको उत्पादन तथा आपूर्ति क्षमता बढाउनुपर्नेमा जोड दिँदै उहाँले निर्यात प्रवर्द्धनका लागि साना तथा मझौला व्यवसायका लागि विशेष व्यवस्था गरी निर्यातमा सहजीकरण गर्ने नेपाल सरकारको प्राथमिकता रहँदै आएको उल्लेख गर्नुभयो। मन्त्रालयका सहसचिव गोविन्दबहादुर कार्कीले स्वदेशी तथा विदेशी बजारमा कफीको उच्च माग रहेको जनाउँदै उत्पादन र निर्यात प्रवर्द्धनमा दातृ निकाय, व्यवसायी र सरकारको संयुक्त प्रयास आवश्यक रहेको बताउनुभयो । टिइपिसीका कार्यकारी निर्देशक शरद्विक्रमराणालेसरकारीनिकाय, दातृ निकाय र व्यवसायीबीच अन्तर्क्रियामार्फत कफी क्षेत्रका समस्याका समाधानका लागि उपाय खोजिनुपर्नेमा जोड दिनुभयो । नेपाली कफी रू एक हजार सात सयप्रति किलोमा निर्यात हुने गरेको भए पनि आयात रू तीन सय ९१ प्रतिकिलो हुने गरेको जानकारी उहाँले दिनुभयो । राष्ट्रिय चिया तथा कफी विकास बोर्डको तथ्याङ्कअनुसार नेपालमा वार्षिक तीन सय ५५ टन कफी उत्पादन हुने गरेको छ।

युरोपियन युनियनका वरिष्ठ कार्यक्रम व्यवस्थापक मीम हमालले नेपाल सन् २०२६ सम्म अतिकम विकासित मुलुकको स्तरमा पुगेपछि देखिने अन्तर्राष्ट्रिय बजारका चुनौतीको सामना गरी निर्यात प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय बजारका आवश्यकता र गुणस्तरअनुसारको उत्पादन अभिवृद्धि गर्न कार्यशाला सहयोगी बन्ने बताउनुभयो । इयु टिआइपी/आइटिसीकाकार्यक्रम संयोजक डा विदुर घिमिरेले नेपालमा कफी क्षेत्रमा संलग्न सुक्ष्म, साना तथा मझौला उत्पादक तथा निर्यातकर्ताको उत्पादन क्षमता बढाइ अन्तर ष्ट्रिय बजार सम्पर्क तथा पहुँच वृद्धि गर्न कार्यशालाले सहयोग पुऱ्याउने बताउनुभयो । यस्ता कार्यशालाले नेपाली कफीको अन्तर्राष्ट्रिय तथा क्षेत्रीय बजारको मूल्य शृङ्खलामा थप पहुँच पुऱ्याउने उहाँले विश्वास व्यक्त गर्नुभयो । कफी उत्पादक महासङ्घका अध्यक्ष ओम अधिकारीले नेपालमा हाल १२ लाख हेक्टरमा कफीको खेती गर्न सकिने भए पनि हाल दुई हजार छ सय हेक्टरमा मात्र खेती भइरहेको जानकारी दिनुभयो । नेपाली कफीको दिगो निर्यातका लागि गुणस्तरमा ध्यान दिनुपर्ने तथा किसानलाई विशेष सुविधा दिएर आकर्षित गर्नुपर्नेमा उहाँको जोड छ । तालिमका क्रममा कफी क्षेत्रका बारेमा जानकारी, युरोपियन युनियन र संयुक्त राज्य अमेरिकामा कफीको निर्यातको अवस्था, कफी निर्यातको प्रक्रिया र आवश्यक कागजात, कफी निर्यात प्रवर्द्धनका लागि व्यापार सहजीकरण तथा बजार प्रर्वद्धन कफी बजार विश्लेषणका आधुनिक विधि, नेपालका लागि तयार गरिएको ट्रेडम्याप तथा नेपालबाट कफी निर्यातका सम्भावना र सम्भावित गन्तव्यबारे जानकारी गराइएको थियो । कार्यशालामा गोरखा, स्याङ्जा, लमजुङ, गुल्मी, पाल्पा, कास्कीलगायतका जिल्लाका १३ महिलासहित ३० कफी उत्पादक तथा निर्यातकर्ता सहभागी रहेको आयोजकले जनाएको छ।

## माओवादी केन्द्र गण्डकीको संसदीय दल नेतामा चुमान चयन

पोखरापत्र संवाददाता
पोखरा, १८ पुस



नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र) गण्डकी प्रदेश संसदीय दलको नेतामा हरिबहादुर चुमान सर्वसम्मत चयन हुनुभएको छ।

सो दलको आइतबार साँझ बसेको संसदीय दलको बैठकले तनहुँ क्षेत्र नं १ (२) बाट प्रत्यक्ष निर्वाचित चुमानलाई सर्वसम्मत दल नेता चयन गरेको माओवादी केन्द्र गण्डकी प्रदेशका अध्यक्ष गायत्री गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार ज्येष्ठ सदस्य कृष्ण धितालको अध्यक्षतामा दलको बैठक बसेको थियो । संसदीय दलको नेता बाहेकका अन्य पदाधिकारी पछि चयन गरिने माओवादीले जनाएको छ । साठी सदस्यीय प्रदेशसभामा माओवादीका प्रत्यक्ष निर्वाचित पाँच र समानुपातिकका तीन गरी आठ सदस्य छन् । माओवादी केन्द्र गण्डकी प्रदेशका केन्द्रीय सदस्य र प्रदेश पदाधिकारीसहितको संयुक्त बैठकले प्रदेश संसदीय दलको नेतामा चुमानलाई बनाउने र संसदीय दल बैठकमा प्रस्ताव लैजाने निर्णय गरेको थियो। पार्टीको बैठकपछि संसदीय दलको बैठक बसेर दल नेता चुनेको हो। दलको नेतामा चयन हुनुभएका चुमान यसअघि गण्डकी प्रदेशको आन्तरिक मामिला तथा कानुनमन्त्री भएर तीन वर्ष काम गर्नुभएको थियो । उहाँ सो पार्टीका पोलिटब्युरो सदस्य समेत हुनुहुन्छ ।संसदीय दलको बैठकमा माओवादी केन्द्रका केन्द्रीय सचिव एवं प्रतिनिधिसभामा सो दलका प्रमुख सचेतक हितराज पाण्डेले आगामी संसद् बैठकमा जिम्मेवार भएर जनतामा समस्यालाई उठाउन निर्देशन दिनुभएको थियो।

## आगलागीबाट निर्वतमान वडाध्यक्षको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, १८ पुस




कास्कीको मादी गाउँपालिका-१ सिक्लेसका सुरजकुमार गुरुङको आफ्नै घरमा आगलागी हुँदा जलेर मृत्यु भएको छ।

आगलागीका कारण निर्वतमान वडाध्यक्ष गुरुङको मृत्यु भएको सोही वडाका वडाध्यक्ष देवीजङ्ग गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार आइतबार राति १० :३० बजे आगलागी नियन्त्रणमा लिइएपछि गुरुङको शव घरभित्र जलेको अवस्थामा फेला परेको थियो । सुरजकुमार विसं २०७४ को स्थानीय तह निर्वाचनमा वडाध्यक्षमा निर्वाचित हुनुभएको थियो । मृतक गुरुङकै घरदेखि आगलागी सुरु भएको बताइन्छ । कपडा पसल सञ्चालन गर्दै आउनुभएका उहाँ घरमा एक्लै बस्ने गर्नुहुन्थ्यो । उहाँका छोरा/बुहारी गाउँकै अर्को घरमा बसोबास गर्दै आएको बताइन्छ। आगलागीबाटसँगैकोतौबहादुरगुरुङको घरसमेत जलेर पूर्ण क्षति भएको वडाध्यक्ष देवीजङ्गले जानकारी दिनुभयो।

तौबहादुरको घरमा स्थानीय धनबहादुर गुरुङले किराना पसल सञ्चालन गर्दै आउनुभएको थियो। के कारणले आगलागी भएको भन्ने यकिन हुन नसकेको बताइन्छ।

## प्रधानमन्त्रीले यही पुस २६ गते विश्वासको मत लिने

रासस
काठमाडौं, १८ पुस

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले यही पुस २६ गते विश्वासको मत लिनुहुने भएको छ।

यही पुस १० गते प्रधानमन्त्रीमा नियुक्त हुनुभएका नेकपा(माओवादी केन्द्र)का अध्यक्ष दाहालले पुस ११ गते पद तथा गोपनीयताको शपथ लिँदै पदभार ग्रहण गर्नुभएको थियो।

विभिन्न सात राजनीतिक दलसहित कूल एक सय ६९ सांसदको समर्थनमा तेस्रो पटक सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रधानमन्त्री बन्नुभएका दाहालले एक पत्रमार्फत पुस २६ गते विश्वासको मत लिन लाग्नुभएको हो । प्रधानमन्त्रीले सङ्घीय संसद् सचिवालयलाई पत्राचार गर्दै विश्वासको मत प्राप्त गर्ने व्यवस्था मिलाइदिन आग्रह गर्नुभएको सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले राससलाई जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, “प्रधानमन्त्रीले पत्राचार गरेर नै कार्यसूचीमा समावेश गरिदिनुहुन भनेर आग्रह गर्नुभएको छ । सचिवालयका तर्फबाट हामीले आवश्यक व्यवस्थापन गर्छौं” नेपालको संविधानको धारा ७६ को उपधारा २ बमोजिम नियुक्त भएको प्रधानमन्त्रीले सोही उपधाराको ४ बमोजिम प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने प्रावधान छ । प्रतिनिधिसभा दुई सय ७५ सदस्यीय छ । प्रत्यक्ष कूल एक सय ६५ र समानुपातिकतर्फबाट एक सय १० सांसद छन् । मनाङका सांसद टेकबहादुर गुरुङ भने हाल निलम्बनमा हुनुहुन्छ।



**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

**सम्पादकीय**

# पोखेलीको सपना पुरा

पोखेली जनताको बहुप्रतिक्षित पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको हजारौं जनताको उपस्थितिमा उद्घाटन भएको छ। पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने पाँच दशकअघिको सपना पूरा भएको छ। विमानस्थल उद्घाटन समारोहमा भाग लिन पोखरा महानगरपालिकाले कार्यालय र विद्यालय विदा दिएको थियो। महानगरको अगुवाइमा अमरसिंह चौरमा भेला भएका पेसागत संघसंस्थाका प्रतिनिधि, पर्यटन व्यवसायी, कलाकार र सर्वसाधारण ब्यानर र झाँकीसहित विमानस्थल पुगेका थिए । प्रधानमन्त्री पुष्पकमल दाहालले मुलुकको तेस्रो अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन गरेका थिए। २०७३ साल बैशाख १ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले सबै पार्टीका शिर्ष नेताहरूको उपस्थितिमा शिलान्यास गरेका थिए।

अंग्रेजी वर्ष २०२३ को १ जनवरी अर्थात् पुस १७ गतेदेखि सञ्चालनमा आएको छ। नागरिक उड्डयन प्राधिकरणको अनुमतिमा २३ फेब्रुअरीदेखि रात्रिकालीन उडान पनि हुने भएको छ। नयाँ विमानस्थल भौतिक पूर्वाधारले निकै राम्रो रहेको छ। विमानस्थलमा आईएफआर प्रविधि पनि जडान गरिएको छ। अब कम भिजिबिलिटीमा पनि उडान भर्न सकिने छ। विमानस्थलमा यात्रुलाई टर्मिनल भवनबाट जहाजसम्म ल्याउन पुऱ्याउन हवाई कम्पनीले ऱ्याम्प बस राखेको छ। यात्रुजहाज र टर्मिनल भवन आउजाउ गर्न ऱ्याम्प बसको प्रयोग गर्नुपर्ने। नयाँ विमानस्थलमा अभ्यस्त हुन केही समय लाग्नेछ।

पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनाउनुपर्छ भनेर आन्दोलन गर्ने नागरिक संघ संस्था, राजनीति दलहरू र जनसमुदायको उपस्थितिमा शिलान्यास भएको थियो। उद्घाटनमा पोखेली जनताको व्यापक सहभागिताले जनचासो कति रहेछ भन्ने छर्लङ्ग भएको छ। उद्घाटन समारोहमा हेलिकोप्टरबाट पुष्पवृष्टि गर्नुका साथै हट एयर बेलुन उडाइएको थियो। पोखरामा अन्तर्राष्ट्रिय विमानस्थलको परिकल्पना गर्ने तत्कालीन अंचलाधिस शंकर राज पाठकलाई रथारोहण सहित सम्मान गरिएको थियो। राष्ट्रिय गौरवको आयोजना पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल समयमै सम्पन्न भएका छन्।

विमानस्थल सञ्चालनमा आएसँगै पोखरा धेरै राष्ट्रसँग सोझो सम्पर्कमा पुगेको छ। 'पोखरा विमानस्थलले कनेक्टिभिटीको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ। यसले महानगर, कास्की र सिंगै राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान हुनेमा दुईमत छैन। नेपालजस्तो भूपरिवेष्टित देशमा कनेक्टिभिटीका थुप्रै माध्यम भए पनि आवश्यक र प्रभावकारी हवाई सेवा हो। चीनले नेपालसँगका नाका खोल्ने, रेलवे परियोजना सर्भेको प्रक्रियालगायत अन्य धेरै परियोजना अघि बढिरहेको र तिनलाई गति दिएर अरू धेरै ठूला परियोजना सम्पन्न गर्नुपर्ने खाँचो छ।

अब विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गरेर देखाउनुपर्ने चुनौती छ। सबै जनप्रतिनिधि र नागरिक समाजले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल अधिकतम सदुपयोग र भरपूर सदुपयोगका लागि अन्तर्राष्ट्रिय उडान सुरक्षित गर्न प्रभावकारी पहलकदमी हुनुपर्छ। पोखरालाई पर्यटनको केन्द्र बनाउन अन्य पर्यटकीय सहरसँग पनि यसलाई जोड्नुपर्नेछ। विमानस्थललाई व्यस्त बनाउनुपर्नेछासफल सञ्चालनबाट पोखरामा बढ्दो हवाई यात्रुको चाप सम्बोधन हुने र पोखराबाट अन्तर्राष्ट्रिय उडानका लागि काठमाडौं पुग्नुपर्ने बाध्यता हट्नेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाव | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गण्डकी प्रदेशसभा बैठकमा दुई अध्यादेश प्रस्तुत

पोखरापत्र संवाददाता
पोखरा, १८ पुस

गण्डकी प्रदेशसभाको सोमबार बसेको पहिलो बैठकमा गण्डकी प्रदेश सरकारबाट जारी भएका दुई अध्यादेश प्रस्तुत भएको छ।

बैठकमा कानुन, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्री विन्दुकुमार थापाले गण्डकी निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश र स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश प्रस्तुत गर्नुभयो।

बैठकमा प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त अधिवेशन आह्वानसम्बन्धी पत्र पढेर सुनाइएको थियो । अर्को बैठक पुस २९ गते दिनको १ बजे बस्नेछ।

# मनाङका विद्यालय तीन महिना बन्द

रासस
मनाङ, १८ पुस

मनाङका विद्यालयले गत मङ्सिर अन्तिम सातामा परीक्षा सकाएर अहिले जाडो बिदा भएको छ।

मौसम प्रतिकूलताले गर्दा यहाँका विद्यालय सञ्चालन गर्न सकिँदैन । यहाँका विद्यार्थीले अर्धवार्षिक परीक्षा दिएर जाडो छल्न बैँसी गएको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख मतिलाल चपाईंले बताउनुभयो।

"परीक्षा सकाएर विद्यार्थी जाडो छल्न बैँसी झरेका छन्, अब करिब चैतको पहिलो साता मात्रै पठनपाठन गर्न आउँछन्", उहाँले भन्नुभयो, "जाडोमा अभिभावकसँगै विद्यार्थी जाडो छल्न जान्छन्, जाडो छल्न जाने यहाँका मानिसको प्रचलन जस्तै बनेको छ । अर्धवार्षिक परीक्षा सकाएर बैँसी झरेका छन्, जाडो सकिएपछि फागुनको अन्तिम वा चैतको पहिलो साता मनाङ फर्किन्छन्।"

चामेमा दुई सय ४५ विद्यार्थीका लागि ३४ शिक्षक, नासोंमा एक सय ५८ विद्यार्थीका लागि ७७ शिक्षक र नार्पाभूमिमा २५ विद्यार्थीका लागि नौ गरी कूल एक सय ६१ शिक्षकले उनीहरूलाई पठनपाठन गराउँदै आएको एकाइले जनाएको छ।

# 'पार्टी प्रतिपक्षमा रहे पनि विचलित नहुन आग्रह'

पोखरापत्र संवाददाता
तनहुँ, १८ पुस

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद शङ्कर भण्डारीले कांग्रेस विगतमा पनि प्रतिपक्षमा रहेको भन्दै पार्टी प्रतिपक्षमा रहे पनि विचलित नहुन कार्यकर्ता र मतदातालाई आग्रह गर्नुभएको छ । शुक्लागण्डकी नगरपालिकाको विभिन्न स्थानमा आयोजित कार्यक्रममा उहाँले कांग्रेस प्रतिपक्षमा हुँदै गर्दा पनि काम गरेर देखाउने क्षमता आफूमा रहेको बताउनुभयो।

उहाँले सुकुम्वासी समस्या समाधान आफ्नो पहिलो प्राथमिकता भएको र यो समस्या समाधानका लागि आफूले निर्वाचित भए लगत्तै सम्बन्धित निकाय झकझकाउने काम गरेको छु भन्नुभयो।

विगतमा क्षेत्र नं.२ बाट निर्वाचित जनप्रतिनिधिले अव्यवस्थित र सुकुम्वासी समस्या समाधान गर्नतर्फ खासै ध्यान नदिएको उहाँको आरोप थियो। 'पाँच वर्षभित्र यस क्षेत्रको अव्यवस्थित र सुकुम्वासी समस्या समाधान गरेरै छाड्नेछु', उहाँले भन्नुभयो।

कार्यक्रममा क्षेत्रीय सभापति चुडामणि खनाल, शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डित, क्षेत्रीय सचिव सन्तोष घिमिरे, महिला सङ्घका उपसभापति चन्द्रकला भट्टराई र वडा सभापति ईश्वर शर्मा लगायतले पार्टी प्रतिपक्षमा रहेर पनि जनताको काम गर्नुपर्नेमा जोड दिनुभएको छ।

# वेदव्यास जन्मभूमिमा बढ्दै आन्तरिक पर्यटक

पोखरापत्र संवाददाता
तनहुँ, १८ पुस

अठ्ठाईसौं श्रीकृष्ण द्वैपायन वेदव्यासको अवतरण भूमि तनहुँको दमौलीमा आन्तरिक पर्यटक बढ्न थालेका छन्।

व्यास नगरपालिका-३ स्थित वेदव्यासको जन्मभूमिमा अहिले देसका विभिन्न क्षेत्रका विद्यालयबाट अवलोकन भ्रमणमा आउने आन्तरिक पर्यटक बढेको व्यासभूमिका संरक्षक गोविन्द बाबाले बताउनुभयो । कोरोनापछिविस्तारैयहाँकोपर्यटन चहलपहल बढ्न थालेको उहाँ बताउँनुहुन्छ।

बिदाको दिनमा यहाँ घुम्न आउने पर्यटकको संख्या बढी रहेको उहाँले बताउनुभयो । दोलखाको भीमेश्वर नगरपालिका-२ का वडा अध्यक्ष स्टालिन श्रेष्ठले वेदव्यासको जन्मभूमि पवित्र भूमिमा आएको बताउनुभयो । फोहर व्यवस्थापनको अध्ययनका लागि आएको अवस्थामा वेदव्यासको जन्मभूमिमा आएको बताउनुहुन्छ । नगरपालिकाको नाम नै वेदव्यासको नामबाट राखिँदा छुट्टै यहाँको प्रचारप्रसार भएको उहाँ बताउँनुहुन्छ।

"आन्तरिक पर्यटकीयस्थलका हामीले नै प्रचारप्रसार गर्न सक्नुपर्छ । नगरपालिकाले पनि सकेको प्रचारप्रसारमा जुटेको रहेछ",उहाँले भन्नुभयो। व्यासभूमिको प्रचारप्रसारका लागि एक महिने हिन्दू महामिलन, एक सय आठ फिट अग्लो व्यासको मूर्तिनिर्माण लगायतका कार्य गरी पर्यटकलाई आकर्षित गर्ने कदम चालिएको छ।

यस क्षेत्रमा बिदाको दिनमा करिब एक सय ५० देखि दुई सय आन्तरिक पर्यटक भित्रिने गरेको व्यासभूमिका संरक्षक गोविन्द बाबाले जानकारी दिनुभयो। "बिदाको दिनमा अवलोकन भ्रमणमा आउने अधिकांश विद्यार्थी वेदव्यासका बारेमा जानकारी लिन आउने गरेका छन्", उहाँले भन्नुभयो।

# विकास थपिँदैछ तर बस्ती रित्तिँदै

रासस
बागलुङ, १८ पुस

बागलुङ नगरपालिका-८ सिगानामा ट्र्याक खोलेको १५ वर्ष पछि सडक कालोपत्रे हुँदैछ।

अहिले टोलटोलमै यातायातका साधन पुग्छन् भने एक घण्टामै जिल्ला सदरमुकाम बागलुङ बजार पुग्न सकिन्छ । स्वास्थ्य चौकीको पहुँच नपुगेको सिगानाकै माथिल्लो क्षेत्र बौडेचौरमा शहरी स्वास्थ्य केन्द्रसमेत स्थापना भएको छ भने 'एक घर, एक धारा' निर्माणलेसमेत तीव्रता पाएको छ। सिगानाको उपल्लो भाग बौडेचौरलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्नेगरी बजेट व्यवस्थापन भइरहेको छ भने अबको दुई वर्षमा उक्त स्थानमै सडक कालोपत्र पुग्नेछ। तर सिगानामा विकास निर्माणले तीव्रता पाए पनि बसाइँसराइका कारण बस्ती भने क्रमशः खाली हुँदै गइरहेका छन्।

बागलुङ नगरपालिका-८ सिगानाको उपल्लो लामाचौरमा ३० घरमध्ये १२ घर रित्तै छन्। लामस्चौरको कार्की थर, बाहुन थर र थापाथरका ३० घरमध्ये अधिकांशको सहर बजारमा घरसमेत छ । अधिकांश घर चाडपर्वमा मात्रै खुला हुने गरेका छन् । सिगानामा सबैभन्दा कम बसाइँसराइ लामीचौरको दलित बस्तीमा र बढी बसाइँसराइ उपल्लो लामीचौरमा रहेको स्थानीय शिक्षक कर्णबहादुर कार्कीले जानकारी दिनुभयो।

"उपल्लो लामीचौरको कार्की, बाहुन र थापा थरमा ३०/३५ घर छन्, जसमध्ये १०/१२ घर त पूर्णरुपमा नै रित्ता छन्, केही घर चाडपर्वमा मात्रै खुल्छन् भने केही घरमा मात्रै मानिसको बसोबास छ", कार्कीले भन्नुभयो, "सडक र माध्यामिक विद्यालय दैलोमै छ, खानेपानीका लागि काम थालिएको छ, वडा कार्यालयसम्म कालोपत्र सडक आउने भएको छ तर यहाँको बस्ती भने क्रमशः रित्तिँदै छ।"

सिगानाको दूर्गम क्षेत्र मानिएको बौडेचौरले विकासमा मुहार फेरे पनि बसाइँसराइ भने नरोकिएको सिगानाका निर्वतमान वडाध्यक्ष जीतबहादुर जिसीले बताउनुभयो । पाँच वर्षमा बौडेचोरका जम्मा ११ घरमध्ये तीन घर बन्द छन्। तर पछिल्लो समय बौडेचौरमा सहरी स्वास्थ्य केन्द्र स्थापना भएको छ । सडक कालोपत्रका लागि धमाधम काम भइरहेको छ।

खानेपानीको व्यवस्थापन भएको छ भने दलौमै नर्सिङ सेवासहितको विद्यालयसमेत रहेको छ। विकास थपिँदै जाँदा बस्ती बिस्तार हुनुपर्नेमा बिस्तारै बस्ती खाली हुने अवस्थामा पुगेको उहाँको भनाइ छ । "हामीले विकास त भित्र्याएका छौँ तर विकासले बसाइँसराइ नरोकिएको देखियो, यो समग्र बागलुङको चिनारी हो", जिसीले भन्नुभयो, "हुनेखानेहरु बसाइँसराइ गर्ने नै भए हुँदा खाने अवसर र रोजीरोटीका लागि घर छोड्न बाध्य छन्, अब विकाससँगै गाउँमा उद्यमी बनाउन र गाउँ फर्काउन सकिने योजना ल्याउन आवश्यक देखिन्छ।" बागलुङ नगरपालिका मात्रै हैन जिल्लाको गलकोट नगरपालिका-७ टोकरीगाउँ बसाइँसराइको नमुना नै बनेको छ। पाँच वर्ष अगाडिसम्म गाउँमा झण्डै ४० घरपरिवार बस्ने टोकरीगाउँमा बसाइँसराइका कारण अहिले १५ परिवार मात्रै बस्ने गरेका छन् । बसाइँसराइका कारण रित्तिएको बस्तीबाट अहिले सडक कालोपत्र पुग्नेगरी धमाधम निर्माण भइरहे भए पनि विकासले बसाइँसराइ रोक्न नसक्नु विषय दुःखद् रहेको गलकोट नगरपालिका-७ मल्मका वडाध्यक्ष राजबहादुर थापाले बताउनुभयो । यहाँका अधिकांश युवा जापान पुगेपछि बसाइँसराइले तीव्रता पाएको छ। यहाँका अधिकांश परिवार गलकोट नगरपालिकाको केन्द्र हटिया, बागलुङ बजार, पोखरालगायतका क्षेत्रमा बसाइँसराइ गर्ने चलन रहेको थापाले बताउनुभयो।

गलकोट नगरपालिकाले बसाइँसराइ रोक्न ग्रामीण क्षेत्रमा सहजरूपमा आधारभूत आवश्यकता परिपूर्ति गर्ने गरी काम गर्न थालेको भए पनि सडकको विकासले मात्रै बसाइँसराइ रोक्न समस्या देखिएको छ। सडकको पहुँच पुगेपनि उच्च शिक्षा, रोजगारी र स्वास्थ्य सेवाका लागि पछिल्लो समय बसाइँ गर्ने कार्यले तीव्रता पाएको छ । बसाइँसराइका कारण गाउँ उराठिँदा बाँदरको बिगबिगीलेसमेत सताउने गरेको छ। पछिल्लो समय बसाइँसराइका कारण गाउँका घर खाली हुँदै र जमिन बाँझो हुँदै गएपछि अन्य खेती भइरहेको जग्गामा समेत बाँदरको प्रकोपका कारण गाउँ छोड्नुपर्ने अवस्था रहेको छ । निर्वाचनका समयमा बागलुङको दक्षिण भेग बलेवा, जैमिनी नगरपालिका र बरेङ गाउँपालिकालगायतका क्षेत्रका जनताले बाँदर नियन्त्रणको योजना ल्याउन आग्रह गरेको बताउँदै नवनिर्वाचित गण्डकी प्रदेशसभा सदस्य डिल्लीराम सुवेदीले बाँदरको समस्यासँग बसाइँसराइ जोडिएको बताउनुभयो।

"बसाइँसराइका कारण केही घर खाली छन्, त्यहाँ बाँदरको बास हुन्छ, अन्य किसानको खेतबारीमा लगाएको खेतीपाती बाँदरले नाश पार्दा उनीहरुसमेत बाध्यताले बसाइँसराइ गर्नुपर्ने अवस्था छ", सुवेदीले भन्नुभयो, "सडक चिल्लो बन्दै जाने नागरिकहरु बसाई सराईले घट्ने, विद्यालय भवन ठडिने विद्यार्थी घट्दै जाने अवस्थाको अन्त्यका लागि हामीले सोच्ने समय आएको छ, अब बसाइँसराइ रोक्नका लागि पूर्वाधारसँगै रोजगारी, शिक्षाको गुणस्तरमा सुधार, गाउँमै स्वास्थ्योपचार र घरेलु उद्यमलाई आधुनीकरण गराउँदै लैजानुपर्दछ।" बागलुङमा दुई राष्ट्रिय गौरवको आयोजनाका कारण यहाँको विकासमा मुहारै फेरे पनि बसाइँसराइ रोकिन नसक्नु दुःखद् विषय बनेको स्थानीय जनप्रतिनिधिको भनाइ छ । बागलुङमा मध्यपहाडी लोकमार्ग र कालीगण्डकी करिडोरका कारण विकासले मुहारै फेरेको भए पनि बसाइँसराइ भने रोकिएको छैन।

पछिल्लो समय विद्यालय भवन सुविधा सम्पन्न निर्माण हुने तर विद्यार्थीको सङ्ख्या घट्दै जाने, सडक, विद्युत्, सञ्चारलगायतको सुविधा बढ्दै गए पनि बसाइँसराइ रोकिन नसक्नु चिन्ताको विषय बनेको उनीहरुको गुनासो छ। स्थानीय तहले बसाइँसराइ रोक्नका लागि भौतिक विकासलाई तीव्रता दिए पनि औद्योगिकरण र स्वास्थ्यमा सुधार गर्न आवश्यक रहेको तमानखोला गाउँपालिकाका स्थानीय चूडामणि छन्त्यालले बताउनुभयो।

# चिसोले जम्न थाले मनाङका नदीनाला

पोखरापत्र संवाददाता
मनाङ, १८ पुस

यस वर्ष मनाङमा हिमपात नभए पनि अत्यधिक चिसो बढेको छ।

चिसोले गर्दा यहाँका तालतलैया, शाखा नदी, सिँचाइ कुलो, घरका धारा र सेफ्टी ट्याङ्की क्रमशः जम्न थालेका छन्।

चिसोले यहाँको दैनिकीमा प्रतिकूल असर परेको छ । हिउँदयाममा चिसोका कारण डिस्याङ गाउँपालिका-९ तिलिचो ताल, गङ्गापूर्ण ताल, आइस लेक, पोङ्कर, डोनालगायतका तालतलैया पूर्णरुपमा जमेका छन् । समुद्री सतहदेखि चार हजार नौ सय १९ मिटर उचाइमा रहेको तिलिचो ताल चार दशमलव आठ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। सबैभन्दा अग्लो स्थानमा रहेको तिलिचोमा अहिले पानी जमेको छ। अहिले मर्स्याङ्दी नदीको पानी जमेको छ । यसैगरी चिसोका कारण शाखा नदी बरफ बनेका छन्।

"घरका धारा र सेफ्टी ट्याङ्की पानी जम्दा यहाँको जनजीवन कष्टकर बनेको छ", प्रमुख जिल्ला अधिकारी सुप्रभा ढुङ्गेल खनालले भन्नुभयो, "चिसो सिरेटोले बाहिर निस्कन मुस्किल भएको छ, स्थानीय आगो बालेर घरभित्र बस्ने गरेका छन्।"

उहाँका अनुसार खानेपानीका धारा जम्दा स्थानीयले कुलोको बरफ भएको पानी तताएर दैनिक प्रयोजनमा उपयोग गर्ने गरेका छन्। चालु वर्षको पुसको आधा बितिसक्दासमेत हिउँ परेको छैन। यद्यपि हिमपात नभए पनि माथिल्लो मनाङमा बिहान र बेलुकीको तापक्रम माइनस २० डिग्रीसम्म पुग्ने गरेको बताइएको छ । चिसोकै कारण माथिल्लो मनाङका नागरिक निर्वाचन सकाएर जाडो छल्न बैंसी झरिसकेका छन् । मनाङका सामुदायिक तथा गुम्बा विद्यालय पनि घुम्तीका लागि बैंसी झरेका छन्।

अत्यधिक चिसोले गर्दा पशुचौपाय र गोठालालाई समेत सास्ती खेप्नुपरेको छ । तल्लो मनाङ अर्थात् चामेमा पनि बिहान र बेलुकीको तापक्रम माइनस १० डिग्रीसम्म पुग्ने गरेको छ।

चिसोले स्थानीय नागरिक घरबाहिर निस्कन सक्दैनन् । मनाङका शैक्षिक संस्थाले जाडो बिदा दिएको र विद्यार्थी अभिभावकसँगै चिसो छल्न बाहिर गएका छन् । विकास निर्माणका काम पूरै चिसोले प्रभावित बनेका छन्। कर्मचारी पनि सदरमुकाममा सीमित रहेका छन्।

# पोखरा अन्तर्राष्ट्रिय विमानस्थल: अर्थतन्त्र चलायमान हुने विश्वास

**–वासुदेव पौडेल**
**पोखरा, १८ पुस (रासस)**

पोखरामा आइतबारदेखि सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको सही उपयोग भएमा यसले पोखरासँगै समग्र राष्ट्रको अर्थतन्त्र चलायमान गराउने विश्वास व्यक्त गरिएको छ।

झण्डै पाँच दशकको निरन्तरको प्रयाससगै विमानस्थलबाट जहाज उड्ने र अवतरण हुन थालेसँगै आगामी दिनमा यो पोखराको समृद्धि र विकासका लागि कोसेढुङ्गा बन्नुपर्ने सरोकारवालाले बताएका छन् । विमानस्थल सञ्चालनका विभिन्न पूर्वाधारको अभावकै बीच विमानस्थल सञ्चालनमा आएपनि यसले पोखरेलीलाई कति उत्साहित बनाएको थियो भन्ने कुरालाई आइतबार उर्लेको पोखरेलीको जनसागरले प्रष्ट सङ्केत गर्दथ्यो ।

हजारौँ पोखरेलीको सहभागितामा भव्यताका साथ उद्घाटन भएको विमानस्थल सञ्चालनमा आएसँगै यसले आगामी दिनमा यसले गण्डकी प्रदेशसँगै समग्र राष्ट्रको अर्थतन्त्रलाई चलायमान बनाउनुपर्ने विषय गम्भीरताका साथ उठेको छ । हालसम्मको अवस्थाले गण्डकी प्रदेश उद्योग व्यवसायका क्षेत्रमा पछि नै रहेको छ। नेपालको महत्वपूर्ण पर्यटकीय गन्तव्य पोखरामा हालसम्म आन्तरिक उडानका लागि सानो क्षमताको घरेलु विमानस्थल रहीआएकोमा नयाँ अन्तरष्ट्रिय विमानस्थलसँगै त्यसले अन्य सम्भावनालाई उजागर गरेको लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष छत्रधर आत्रेय बताउनुहुन्छ । हाल पोखराबाट लगभग आधा घण्टाको दूरीमा मात्र उडान भइरहेका अवस्थामा अब भने यहाँबाट सिधैँ छ घण्टासम्मको दूरीमा यात्रा गर्न सकिने भएको छ । उद्घाटन समारोहमा नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले यो विमानस्थलबाट पाँच/छ घण्टाको दूरीको यात्रा गर्न सकिने भनिरहँदा पोखरेलीले लगातार ताली वर्षाएर खुसी व्यक्त गरेका थिए । यो सँगै पोखराबाट विभिन्न छिमेकी राष्ट्रमा उडान गर्न सकिने बाटो खुलेको छ। यसका लागि हवाई मार्ग तय गर्ने सम्बन्धमा राज्यले कूटनीतिक छलफल तत्काल बढाउनु अपहिार्य देखिएको छ। विमानस्थलसँग जोडिएको मुख्य पूर्वाधार सडकलाई तत्काल व्यवस्थित गर्नु अपरिहार्य देखिएको अध्यक्ष आत्रेयको भनाइ छ । "विमानस्थल सुरु भएसँगै आइतबार पोखराबाट लेखनाथसम्म आइपुग्न झण्डै तीन/चार घण्टा लागेको छ", उहाँले भन्नुभयो, "विमानस्थलसम्म सहजरुपमा आवतजावत गर्नका लागि ट्राफिक व्यवस्थापनलाई तत्काल गम्भीरताका साथ लिनुपर्ने भएको छ ।" विमानस्थल सञ्चालनमा आएसँगै पर्यटकलाई बस्ने किसिमका पूर्वाधारको विस्तार गर्नु आवश्यक रहेको उहाँले बताउनुभयो । विमानस्थललाई सहीरुपमा उपयोगको वातावरण निर्माणतर्फ राज्यले ध्यान दिनुपर्ने बताउँदै उहाँले यसले पोखरासँगै समग्र राष्ट्रको अर्थतन्त्रमा विशिष्ट योगदान पुग्ने उल्लेख गर्नुभयो। "आगामी दिनमा पोखरासहित समग्र गण्डकी प्रदेशमा उत्पादनलाई पनि जोड दिनु आवश्यक छ", उहाँले भन्नुभयो, "यहाँका उत्पादनलाई बाहिर पठाउने अवस्था भयो भने त्यसले प्रत्येक स्थानीयको आम्दानी बढाउने र समग्र अर्थतन्त्रमा टेवा पुग्ने देखिन्छ।" पोखरामा विद्यमान पर्यटकीय पूर्वाधारलाई पनि व्यवस्थितरुपमा उपयोग गर्नुपर्ने सरोकारवाला बताउँछन्। पोखरामा प्रत्येक दिन ४० हजारसम्म पर्यटक राख्न सक्ने क्षमता रहेको पश्चिमाञ्चल होटेल सङ्घका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो । तथ्याङ्कअनुसार काठमाडौँ आएका विदेशी पर्यटकमध्ये ४० देखि ४५ प्रतिशत पर्यटक पोखरा आउने गर्दछन् । नेपाल आएकामध्ये करिब ६० प्रतिशत विदेशी पर्यटक मनोरञ्जनका लागि आउने गरेको र ४० देखि ४५ प्रतिशत पोखरा पुग्ने गरेका छन् । पोखरा देशकै महत्वपूर्ण पर्यटकीय गन्तव्यका रुपमा रहेको अवस्थामा सञ्चालनमा आएको पोखरा अन्तराष्ट्रिय विमानस्थलले यहाँको पर्यटनमा ठूलो योगदान पुऱ्याउने नेपाल लोकतान्त्रिक उद्योग वाणिज्य सङ्घ गण्डकी प्रदेशका अध्यक्ष चन्द्रकृष्ण कर्माचार्यले बताउनुभयो ।

र्यटन क्षेत्र उद्योग, व्यवसाय, यातायातलगायतका धेरै क्षेत्रसँग प्रत्यक्ष सम्बन्धित रहेको उल्लेख गर्दै उहाँले यसबाट धेरै क्षेत्र लाभान्वित हुने बताउनुभयो । "पर्यटकको आगमन बढेसँगै स्वभाविकरुपमा खानेकुराको खपत हुन्छ, त्यसले उत्पादित खाद्यान्नले बजार पाउँछ", उहाँले भन्नुभयो, "खाद्यान्नसँगै त्यससँग जोडिएका खाद्य उद्योग सञ्चालनमा आउने र अर्थतन्त्रलाई चलायमान बनाउने हुन्छ।" हिमाली, पहाडी र तराई क्षेत्रमा समेटिएको गण्डकीमा विभिन्न किसिमका उत्पादन हुने गर्दछ। हिमाली क्षेत्रमा उत्पादन हुने स्याउलगायतका फलफूलसँगै जिम्बु आदि जडीबुटीलाई निर्यात गर्न सकिन्छ भने पहाडी क्षेत्रमा फल्ने कोदो, मकै, फापर आदिलाई बजारमा पुऱ्याउन सकिन्छ । तराईको नवलपुर क्षेत्रमा उत्पादन हुने धान, गहुँ आदिको उत्पादन बढाउँदै आयआर्जन बढाउन सकिने सरोकारवालाको बताउँछन् ।

# पोखरा ९ वडास्तरीय दलित सञ्जालमा वयलकोटी

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ पुस**



पोखरा महानगरपालिका वडा नं. ९ मा रामबहादुर वयलकोटीका अध्यक्षतामा वडास्तरीय दलित सञ्चाल १३ सदस्यीय वडास्तरिय दलित सञ्जाल गठन भएको छ।

सञ्जालको उपाध्यक्षमा माया दर्जी, सचिवमा सपना बि.क., कोषाध्यक्षमा विमला परियार, सहसचिवमा बिकास आनन्द र सदस्यहरुमा राम बि.क., रबिना कि., उजेली बि.क., रोकविर सुनुवार, ईश्वरी नेपाली, शान्ति दर्जी, जानकी परियार र लाल बहादुर बि.क. रहेका छन्।

कार्यक्रमको उद्घाटन गर्दै वडा अध्यक्ष दिपेन्द्र मर्सानीले दलित हकहितको लागि क्षमता अभिवृद्धि तथा साना घरेलु कार्यक्रम साबुन वनाउने, अचार वनाउने, लगायतका तालिमहरु छिट्टै नै सञ्चालनमा ल्याउने प्रतिवद्धता गरेका थिए।

कार्यक्रम संयोजक वडा सदस्य गीता चम्राकारको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य भावना श्रेष्ठले स्वागत र सपना बिकले सञ्चालन गरेकी थिइन्।

# ऐतिहासिक 'कोटघर' पुग्न कलात्मक पदमार्ग तयार

**पोखरापत्र संवाददाता**
**बागलुङ, १८ पुस**

गलकोट नगरपालिका-३ मा रहेको ऐतिहासिक 'कोटघर' लाई पर्यटकीय गन्तव्य बनाउन कलात्मक पदमार्ग निर्माण गरिएको छ । गलकोट नगरपालिकाको हटिया बजारबाट कोटघरकोपहुँचमार्गदेखिकोटघरसम्म कलात्मक पदमार्ग तयार गरिएको हो।

स्थानीय ढुङ्गाको प्रयोग गरेर कलात्मक पदमार्ग तयार गरिएको कोट पूजा व्यवस्थापन समितिका सचिव गुञ्जबहादुर खत्रीले बताउनुभयो । गण्डकी प्रदेशको पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको दश लाख अनुदान र नगरपालिकाको सहयोगमा पदमार्ग निर्माण गरिएको हो । झण्डै १३ लाख खर्चेर पूरा गरिएको पदमार्गमा स्थानीयले तीन लाख बढीको श्रमदान गरेका थिए। एक सय ४४ सिँढी रहेको पदमार्ग निर्माणका लागि ढाँडको पाखो सामुदायिक वनमा रहेको स्थानीय कालो ढुङ्गाको प्रयोग गरिएको खत्रीले जानकारी दिनुभयो । "पदमार्ग र कोटघर वरपरका संरचनासमेत मल्लकालीन कलाशैली प्रयोग गरेर तयार गरेका हौँ", उहाँले भन्नुभयो, "बागलुङमा कालिगड नपाएपछि म्याग्दी र गोरखाबाट ल्याएर ढुङ्गा तयार गरिएको थियो।"

कालो रङको कटान गर्न सजिलो भएकाले उपभोक्ताले उक्त ढुङ्गा प्रयोगमा ल्याएका हुन् । पदमार्गमा ढुङ्गाको जडान बिन्दुमा मात्रै बालुवा सिमेन्टको प्रयोग गरिएको छ भने बाँकी सबै संरचना स्थानीय ढुङ्गाको प्रयोगबाट तयार भएका छन्। चार वर्षअघि नगरपालिकाले 'गौरवको आयोजना' को रुपमा निर्माण थालेको कोटघर पुग्ने पदमार्ग र तारवार तथा पर्खाल निर्माणको काम कोरोना महामारीका कराण रोकिएर अलपत्र परेको थियो। रु ५० लाखको लागतमा निर्माण थालिएको काम कोरोना महामारीका कारणबीचमै रोकिएर रु १२ लाख फिर्ता भएपछि पदमार्ग अलपत्र थियो।

प्रयोग भएको रु ३८ लाखमध्येबाट कोट पूजा व्यवस्थापन समितिले नेपालकै सबैभन्दा ठूलो दाबी गरिएको ६० किलोको खुकुरी खरिद गरेर कोटघरमा राखेको छ । वडा कार्यालय र नगरपालिकाको पहलमा प्रदेश सरकारले अपुग रकम विनियोजन गरेपछि पदमार्गले पूर्णता पाएको उपभोक्ता समितिका सचिव सन्तबहादुर खत्रीले बताउनुभयो।

कोटघरको वरपर पर्खाल तयार गरिएको छ भने सोही बजेटबाट तारजाली लगाएर सुरक्षित गरिएको खत्रिले बताउनुभयो । "मल्लकालीन इतिहास बोकेको कोटघरमा पर्यटक भित्र्याउने हाम्रो लक्ष्य हो, दसैँ र चैतेदसैँमा लाग्ने मेलामा सर्वसाधारणको भीड लाग्ने गरेको भए पनि पदमार्ग नहुँदा जोखिम थियो", उहाँले भन्नुभयो, "पौराणिक महत्व झल्किने गरी कोटघरलाई तयार गर्दा पर्यटक आउँछन् र यहाँको विकास हुन्छ।"

"कोटमा बलि पूजाका लागि राँगा, बोका लैजानसमेत कठिन भिरालो जमिन थियो, अहिले सजिलो भएको छ", स्थानीय तुलसी परियारले भन्नुभयो, "अब कोटघरको प्रचारको खाँचो छ।" तत्कालीन बाइसे चौबिसे राजाका पाला गलकोट राज्यको प्रारम्भ यही कोटबाट भएको इतिहास छ । लामो समय यही कोटमा बसेर राज्य गरेका राजा महाराजापछि गलकोट दरबारमा सरेका थिए। शक्तिपीठको रुपमा गलकोट, ताराखोला क्षेत्रका सर्वसाधारणले यहाँ बर्सेनि पूजाआजा गर्दै आएका छन्।


# ऐतिहासिक 'कोटघर' पुग्न कलात्मक पदमार्ग तयार

**रासस**
**बागलुङ, १८ पुस**

गलकोट नगरपालिका-३ मा रहेको ऐतिहासिक 'कोटघर' लाई पर्यटकीय गन्तव्य बनाउन कलात्मक पदमार्ग निर्माण गरिएको छ । गलकोट नगरपालिकाको हटिया बजारबाट कोटघरकोपहुँचमार्गदेखिकोटघरसम्म कलात्मक पदमार्ग तयार गरिएको हो।

स्थानीय ढुङ्गाको प्रयोग गरेर कलात्मक पदमार्ग तयार गरिएको कोट पूजा व्यवस्थापन समितिका सचिव गुञ्जबहादुर खत्रीले बताउनुभयो । गण्डकी प्रदेशको पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको दश लाख अनुदान र नगरपालिकाको सहयोगमा पदमार्ग निर्माण गरिएको हो । झण्डै १३ लाख खर्चेर पूरा गरिएको पदमार्गमा स्थानीयले तीन लाख बढीको श्रमदान गरेका थिए। एक सय ४४ सिँढी रहेको पदमार्ग निर्माणका लागि ढाँडको पाखो सामुदायिक वनमा रहेको स्थानीय कालो ढुङ्गाको प्रयोग गरिएको खत्रीले जानकारी दिनुभयो । "पदमार्ग र कोटघर वरपरका संरचनासमेत मल्लकालीन कलाशैली प्रयोग गरेर तयार गरेका हौँ", उहाँले भन्नुभयो, "बागलुङमा कालिगड नपाएपछि म्याग्दी र गोरखाबाट ल्याएर ढुङ्गा तयार गरिएको थियो।"

कालो रङको कटान गर्न सजिलो भएकाले उपभोक्ताले उक्त ढुङ्गा प्रयोगमा ल्याएका हुन् । पदमार्गमा ढुङ्गाको जडान बिन्दुमा मात्रै बालुवा सिमेन्टको प्रयोग गरिएको छ भने बाँकी सबै संरचना स्थानीय ढुङ्गाको प्रयोगबाट तयार भएका छन्। चार वर्षअघि नगरपालिकाले 'गौरवको आयोजना' को रुपमा निर्माण थालेको कोटघर पुग्ने पदमार्ग र तारवार तथा पर्खाल निर्माणको काम कोरोना महामारीका कराण रोकिएर अलपत्र परेको थियो। रु ५० लाखको लागतमा निर्माण थालिएको काम कोरोना महामारीका कारणबीचमै रोकिएर रु १२ लाख फिर्ता भएपछि पदमार्ग अलपत्र थियो।

प्रयोग भएको रु ३८ लाखमध्येबाट कोट पूजा व्यवस्थापन समितिले नेपालकै सबैभन्दा ठूलो दाबी गरिएको ६० किलोको खुकुरी खरिद गरेर कोटघरमा राखेको छ । वडा कार्यालय र नगरपालिकाको पहलमा प्रदेश सरकारले अपुग रकम विनियोजन गरेपछि पदमार्गले पूर्णता पाएको उपभोक्ता समितिका सचिव सन्तबहादुर खत्रीले बताउनुभयो।

कोटघरको वरपर पर्खाल तयार गरिएको छ भने सोही बजेटबाट तारजाली लगाएर सुरक्षित गरिएको खत्रिले बताउनुभयो । "मल्लकालीन इतिहास बोकेको कोटघरमा पर्यटक भित्र्याउने हाम्रो लक्ष्य हो, दसैँ र चैतेदसैँमा लाग्ने मेलामा सर्वसाधारणको भीड लाग्ने गरेको भए पनि पदमार्ग नहुँदा जोखिम थियो", उहाँले भन्नुभयो, "पौराणिक महत्व झल्किने गरी कोटघरलाई तयार गर्दा पर्यटक आउँछन् र यहाँको विकास हुन्छ।"

"कोटमा बलि पूजाका लागि राँगा, बोका लैजानसमेत कठिन भिरालो जमिन थियो, अहिले सजिलो भएको छ", स्थानीय तुलसी परियारले भन्नुभयो, "अब कोटघरको प्रचारको खाँचो छ।" तत्कालीन बाइसे चौबिसे राजाका पाला गलकोट राज्यको प्रारम्भ यही कोटबाट भएको इतिहास छ । लामो समय यही कोटमा बसेर राज्य गरेका राजा महाराजापछि गलकोट दरबारमा सरेका थिए। शक्तिपीठको रुपमा गलकोट, ताराखोला क्षेत्रका सर्वसाधारणले यहाँ बर्सेनि पूजाआजा गर्दै आएका छन्।


# घट्दैछन् मौलिकता बोकेका 'ढुंगे घर'

**पोखरापत्र संवाददाता**
**बागलुङ, १८ पुस**

गाउँगाउँमा सडक पुग्यो । सडकसँगै आधुनिकता पनि गाउँमा पुग्यो । केही वर्ष अगाडिसम्म बागलुङका ग्रामीण क्षेत्रमा ढुङ्गा र खरले सर्लक्क मिलाएर छाइएका रातोमाटो र सेतो कमेरोले पोतिएका घरहरु देखिन्थे । सहर बजारबाट जोकोही गाउँमा पुग्दा ति घरहरुले मनै लोभ्याउने गर्थे।

परम्परागत रुपमा बनेका ति घरले धेरैलाई आकर्षित गरेको पाइन्थ्यो । उति बेला गाउँमा अहिलेको जस्तो मोटरगाडी गुड्दैनथे । मान्छेहरु पैदल नै हिँड्थे। तर अहिले सडक नपुगेका गाउँहरु छैनन् । सडकसँगै गाउँ पुगेको आधुनिकताले मौलिकता हराउँदै गएको छ । दिनानुदिन गाउँमा सडक निर्माण भइरहेका छन्। सडकको प्रभाव ति पुराना परम्परागत घरमा परेको छ । परम्परागत घर र ढुङ्गे घर गाउँबाट विस्तारै ओझेलिँदै छन् । अहिले गाउँमा धमधम सिमेन्ट र कङ्क्रिटका घर ठडिदै छन्। सक्नेले पक्की पिल्लरवाला घर बनाएका छन् त न्यून वर्गका नागरिकले खर र ढुङ्गाको छानो हटाएर जस्तापाले छाउन थालेका छन्। सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय बागलुङका प्रमुख सुनिता श्रेष्ठले मानिस सजग र सचेत हुँदै गएको हुँदा नयाँ-नयाँ प्रविधि प्रयोग गरेर घर तथा भवन निर्माण गर्न थालेको बताउनुभयो। उहाँले परम्परागत घर भूकम्पीय दृष्टिकोणले केही जोखिम हुने भन्दै नागरिकले सचेतता अपनाएर पक्की भवन बनाउन थालेको बताउनुभयो।

प्रमुख श्रेष्ठले परम्परागत घर सबै जोखिममा नहुने भन्दै त्यस्ता घर तथा भवन बनाउँदा मापदण्ड चाही अपनाउनुपर्ने बताउनुहुन्छ। 'मानिसकोसोँचपरिवर्तनहुँदैगएको छ, उनीहरु प्रविधिसँग जोडिन थाले । नयाँ-नयाँ प्रविधिको प्रयोग गर्न थाले। त्यसैले ढुङ्गे घर कम बन्न थाले', प्रमुख श्रेष्ठले भन्नुभयो, 'पहिले ग्रामीण क्षेत्रमा सडकको सुविधा थिएन, अहिले छ, त्यसैले पनि गाउँमा परम्परागत कम र आधुनिक घर बढे।'

बागलुङको निसीखोला गाउँपालिका-५ निसीका विभिन्न बस्तीमा तीन वर्ष अगाडि गाउँका अधिकांश घर ढुङ्गा र केही खरले छाइएका थिए। अहिले ती बस्तीमा पुग्दा विभिन्न रङ्गका जस्तापाताले घर रङ्गीचङ्गी देखिन्छन् । कमेरो र रातोमाटोले पोतिएका घर कम पाइन्छ। गाउँमा सडक आएपछि गाउँलेले सहर बजारियाले जस्तो सिकेर परम्परागत घरलाई भत्काएर नयाँ स्वरुपमा बनाउन थालेको स्थानीय नवीनकुमार घर्तीले बताउनुभयो।

घर्तीले भन्नुभयो, 'आधा दशक अगाडिसम्म गाउँमा धेरै घर ढुङ्गा र खरले छाएका थिए, गाडी आउने बाटो पनि थिएन, अहिले त दिनदिनै गाडी आउँछन्, गाउँलेले बजारीहरुको सिको गरेर सबै घर बजारकै जस्ता बन्न थाले, धनीमानीले ठूलै पिल्लावाला घर बनाई रहेका छन्, अलिअलि हुनेले टिनको छाना हाल्न थालेका छन् ।' बागलुङ नगरपालिका-४ कुँडुलेमा एक दशक अगाडिसम्म ढुङ्गे घरहरु टन्नै थिए। अहिले ढुङ्गाका घरका ठाउँमा ठूलाठूला कङ्क्रिटका घर ठडिएका छन् । सडक कुँडुलेमा नपुग्दा धेरैको घर ढुङ्गाले नै छाएको भए पनि अहिले धेरैले पक्की भवन बनाउन थालेको स्थानीय देवबहादुर खत्रीले बताउनुभयो । खत्रीले यहाँका धेरैजसो मानिस विदेश भएको हुँदा उनीहरुले गाउँमा परम्परागत घर र ढुङ्गे घर विस्थापित गरी पक्की घर बनाउन थालेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'त्यो ठाउँमा सबै ढुङ्गाका घर थिए, केही-केही खरका, पक्की घर त यहाँ एउटा थिएन, अहिले हेर्नु यहाँ कति घर बने ? यहाँका मान्छे सबै विदेशमा छन्, विदेशमा कमाउने यहाँ ठूला-ठूला घर बनाउँछन्, दिनदिनै सिमेन्टका घर ठडिरहेका छन्, एक/दुई वर्षमा यहाँ ढुङ्गाका घरहरु पनि देख्न पाइँदैन।'

ताराखोला गाउँपालिका-२ भातखानेडाँडामा आधा दशक अगाडिसम्म दुई/चार वटा खर र ढुङ्गाका ससाना घर थिए । तीव्र विकासले भातखानेडाँडामा ठूला-ठूला पक्की घर बने । पहिले ढुङ्गा र खरले छाएका घर भएको ठाउँमा सिमेन्ट कङ्क्रिटका पक्की घर बने। यहाँका स्थानीय सरकारहरुले पनि खरको छानो विस्थापित गरी रहेका छन्।

# भूकम्प पीडितले पाए लालपुर्जा

**पोखरापत्र संवाददाता**
**गोरखा, १८ पुस**

गोरखाको धार्चे गाउँपालिका-४, लाप्राकस्थित गुप्सीपाखामा निर्माण गरिएको एकीकृत नमूना बस्तीका पाँच सय ५४ भूकम्पपीडित परिवारले लालपुर्जा पाएका छन्।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)कोसहयोगमालाप्राकका भूकम्पपीडितको पुनःस्थापनाका लागि निर्माण गरिएको नमूना बस्तीका पाँच सय ७३ मध्ये पाँच सय ५४ परिवारले लालपुर्जा प्राप्त गरेको धार्चे गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले जानकारी दिनुभयो। बाँकी रहेका भूकम्पपीडित परिवारलाई पनि केही समयभित्रै लालपुर्जा वितरण गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो।

विसं २०७२ वैशाख १२ गते बारपाक केन्द्रबिन्दु भएर गएको विनाशकारी गोरखा भूकम्पले लाप्राकको पुरानो बस्ती ध्वस्त बनाएकाले बस्ती नै पुनःस्थापना गर्नुपरेको थियो । त्यसका लागि गुप्सीपाखामा रहेको सरकारी जग्गामा मन्त्रिपरिषद्बाट स्वीकृति लिएर एकीकृत बस्ती निर्माण गरिएको हो। भूकम्पको झण्डै आठ वर्षपछि भूकम्पपीडितले लालपुर्जा पाएका हुन् । गाउँपालिकाले दोस्रो चरणमा यहीँ पुस महिनामा थप दुई सय ७४ जनालाई लालपुर्जा वितरण गरेको उहाँले बताउनुभयो । उनीहरूलाई २०७७ सालदेखि नै लालपुर्जा वितरण थालिएको भए पनि लामो समयदेखि वितरण रोकिएको थियो। पहिलो चरणमा दुई सय ८० घरपरिवारले लालपुर्जा पाएका थिए। एकीकृत बस्तीका भूकम्पपीडितलाई लालपुर्जा वितरणका लागि जिल्ला मालपोत कार्यालयको टोली लाप्राक नै पुगेको थियो। कार्यालयबाट आठ जनाको टोली लाप्राक पुगेर दुई सय ९० परिवारको लालपुर्जा तयार गरेर कार्यालयको टोली सदरमुकाम फर्किएको हो । वितरण गर्न बाँकी रहेकामध्ये केही विदेशमा रहेका र केहीको मृत्यु भइसकेकाले ढिलाइ भएको अध्यक्ष गुरुङले जानकारी दिनुभयो।

एनआरएनएले लाप्राकमा १८ दशमलव ३२ हेक्टर क्षेत्रफल जमिनमा प्रत्येक परिवारका लागि करिब तीन आना जग्गा पर्ने गरी घर निर्माण गरिदिएको हो । दुई तला रहेको प्रत्येक चार कोठा रहेका छन् । त्यस्तै प्रत्येक घरका लागि छुट्टै शौचालयको समेत व्यवस्था गरिदिएको छ।